स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता हरिवंश आचार्य उत्कृष्ट अभिनेता र आना शर्मा उत्कृष्ट अभिनेत्री घोषित भएका छन्। चलचित्र समीक्षक समाज, नेपाल (फिक्सन) ले घोषणा गरेको "क्रिटिक्स फिल्म अवार्ड २०८२"मा "भूठान" फिल्मबाट हरिवंश र "रमिताको पिरति"का कारण आना छानिएका हुन्। अवार्डमा उत्कृष्ट फिल्म "ऊनको स्वीटर" भयो। नेपाली फिल्मको प्राविधिक विश्लेषण मूल्यांकनका आधारमा उत्कृष्ट स्रष्टा र फिल्म छानेको हो।

**आजको विचार...**



श्री प्रसाद देवकोटा

जीपीएको...
*(दुई पेजमा)*

नेपाली बजारमा फिल्मको प्रदर्शन स्थिर रहन सकेको देखिँदैन। कुनै महिना हलहरूमा रिलिज फिल्मको चाप निकै बढ्छ, भने कुनै महिना मुस्किल एक दुई फिल्म प्रदर्शन हुन्छ। यो जेठ महिनामा भने नेपाली फिल्मले हलहरू खचाखच रहे। जेठमा ६ वटा नयाँ नेपाली फिल्म प्रदर्शनमा आए। नेपाली समाजमा जकडिएको दाइजो प्रथा र पारिवारिक जटिलतालाई प्रस्तुत गरेको थियो भने "लाइफ इयामेज" ले पारिवारिक कथालाई "फेन्टासी कमेडी ड्रामा" जनरामा पस्किएको थियो।



❐ वर्ष ३१ ❐ अंक ३१३ ❐ २०८३ जेठ २८ गते बिहीबार 11 June 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### गोली हानाहानमा १२ को मृत्यु

(रासस/एएफपी)

**दक्षिण अफ्रीका,** जेठ २७/बन्दुकधारीहरूले क्लीभल्याण्डको बस्तीमा आक्रमण गरी १२ जनालाई गोली हानेर हत्या गरेको दक्षिण अफ्रिकी प्रहरीले बुधबार जनाएको छ । मङ्गलबार राति आक्रमण गरी १० जना भन्दा बढी सशस्त्र व्यक्तिहरूलाई यस क्षेत्रमा लगि बस्तीमा आक्रमण गरिएको प्रहरी प्रवक्ताले बताएका छन् । संदिग्धहरू दुवै प्रवेशद्वारबाट बस्तीमा प्रवेश गरेर गाडीमा घटनास्थलबाट भाग्नु अघि धेरस्थानहरूमा स्थानिय बासिन्दा र समुदायका सदस्यहरूमाथि गोली चलाएर भागेको जनाइएको छ । प्रारम्भिक अनुसन्धानले आक्रमणको परिणामस्वरूप १२ जनाको मृत्यु भएको खुलासा गरेको छ कर्नल दिमाकाट्सो नेभुहुल्वीले बताएका छन् । आठ जना पुरुष र तीन जना महिलाको घटनास्थलमै मृत्यु भएको उल्लेख गर्दै उनले एक जनाको अस्पतालमा मृत्यु भएको बताएका छन् । यो आक्रमण जोहानेसबर्ग सहरको केन्द्रबाट लगभग छ किलोमिटर पूर्वमा क्लीभल्याण्ड भनिने क्षेत्रमा भएको थियो । नेभुहुल्वीले आक्रमणको उद्देश्य अझै थाहा नभएको र अहिलेसम्म कसैलाई पक्राउ नगरिएको बताएका छन् ।

## सरकारको विज्ञापन नीति विरुद्ध महासंघको आन्दोलन

# पत्रकार धर्नामा, सरकारी सूचना सबै सञ्चार माध्यमलाई उपलब्ध गराउन माग

हाम्रा संवाददाता

**पाल्पा,** जेठ २७/सरकारले सरकारी विज्ञापन केवल सरकारी सञ्चारमाध्यममार्फत मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरेपछि नेपाल पत्रकार महासंघले देशव्यापी आन्दोलन गर्दै आएको छ । महासंघले उक्त निर्णयलाई प्रेस स्वतन्त्रता, खुला अर्थनीति र संघीयताको मर्मविपरीत भन्दै तत्काल फिर्ता लिन सरकारलाई चेतावनी दिर्दै चरणवद्ध आन्दोलन गरिरहेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी सचिवस्तरीय परिपत्रमार्फत संघ, प्रदेश र स्थानीय तहका सबै निकायलाई सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममै सीमित गर्न निर्देशन दिइएको थियो । यस निर्णयलाई महासंघले "विभेदकारी, असंवैधानिक र प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप" भनेको छ । २०८२ चैत्र १८ गते




प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गरेको विभेदकारी र स्वेच्छाचारी सूचना र विज्ञापनसम्बन्धी निर्णय खारेजी, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी संवैधानिक हकको रक्षा र निर्वाध सूचना प्राप्तिको अधिकारका लागि नेपाल पत्रकार महासंघले विगत दुई महिनादेखि दबाबमूलक आन्दोलन सञ्चालन गर्दै आइरहेको छ । सरकारले महासंघको माग सम्बोधनका लागि कुनै पनि पहल नलिएपछि बुधबार पाल्पासहित देशभरका शाखाहरुमा पत्रकारले धर्ना दिए । नेपाल पत्रकार महासंघ पाल्पा शाखाको अगुवाइमा जिल्लाका पत्रकारहरुले प्रेस स्वतन्त्रताको पक्षमा विभिन्न मागहरु राख्दै जिल्ला प्रशासन कार्यालय अगाडि एक घण्टा धर्ना दिए । पत्रकारहरुले प्ले कार्डसहित विहान ११ बजेदेखि अपराह्न्न १२ सम्म सो स्थानमा धर्ना दिएका हुन् । धर्ना कार्यक्रममा पत्रकारहरूले सरकारी सूचना सबै सञ्चार माध्यमलाई समान रूपमा उपलब्ध गराउन, मिडियाविरोधी नीति फिर्ता लिन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न र नागरिकको सूचनाको अधिकार सुनिश्चित गर्न सरकारसँग माग गरेका छन् । उनीहरुले नीजि सञ्चार माध्यममा सरकारी सूचना र विज्ञापन रोक्ने स्वेच्छाचारी र विभेदकारी निर्णय खारेज गर, श्रमजीवी पत्रकारहरुको पेशागत सुरक्षा कायम गर, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी संवैधानिक हकको रक्षा गर, निर्वाध सूचना प्राप्तिको अधिकार सुनिश्चित गर, सञ्चारमाथिको विभेद अन्त्य गर, समान व्यवहार सुनिश्चित गर, स्वतन्त्र पत्रकारिता बचाऔं, लोकतन्त्र बलियो बनाऔं, प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप बन्द गर, निष्पक्ष विज्ञापन नीति लागू गर ।

*-बाँकी अन्तिम पेजमा...*

## सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं ।

-राति हिँड्दा टर्च/बत्तीको प्रयोग गरौं,

-झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं, घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,

-खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,

-प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,

-सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,

-अस्पतालमा सर्पदंश विरुद्दको उपचार उपलब्ध हुन्छ । समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।

नेपाल सरकार

विज्ञापन बोर्ड

## अपाङ्गता भएका महिलालाई अचार बनाउने तालिम

**घोराही (दाङ),** जेठ २७/घोराही उपमहानगरपालिका-१४ का सुमन चौधरी अचार बनाउने तालिममा सहभागी हुन पाउँदा खुसी छिन् । उमेरले ३५ वर्ष पुगेकी उनी शारीरिक रुपमा अपाङ्ग छिन् । विकलाङ्ग मित्र समूह अपाङ्ग बाल अस्पताल तथा पुन:स्थापना केन्द्रको आयोजना तथा अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल दाङको समन्वयमा घोराही उपमहानगरपालिका-१५ स्थित अमृत टोलमा सञ्चालन भइरहेको १५ दिने अचार बनाउने तालिममा उनीलगायत अपाङ्गता भएका व्यक्तिहरु छन् ।



घरमा बनाउँदै आएको अचारभन्दा तालिमका क्रममा सिकेको विधि धेरै फरक भएको उनले बताइन् । "अचार बनाउँदा के कस्ता कुरामा ध्यान दिने, कुन अचार कसरी बनाउने, यसका विधिलगायत विषय सिक्न पाए, शारीरिक रुपमा आफू अपाङ्ग भए पनि गर्न सकिने रहेछ भन्ने लागेको छ", उनले भनिन् । उनी जस्तै तालिममा सहभागी २२ वर्षीया सृजना बस्नेत पनि सीप सिक्न पाउँदा खुसी लागेको बताइन् । बस्नेत सुन्न सक्दिनन् । हेरेर र दोभासेको सहयोगबाट अचार बनाउने सीप सिक्न सहज भएको उनको भनाइ छ । नसुने पनि देखेर पनि धेरै कुरा सिक्न सकेको र प्रशिक्षकबाट पनि रामो सहयोग पाएको उनले बताइन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## संसद्को गरिमा जोगाऔँ

प्रधामन्त्री बालेन्द्र शाहको अभिव्यक्तिलाई लिएर संसद प्रभावकारी ढंगले अगाडि बढ्न सकिरहेको छैन । एकपछिअर्को गरी संसद् बैठक अवरूद्ध भैरहेको छ । प्रधानमन्त्रीले केही दिन अघि संसद्बाटै नेपालले पनि भारतको भूमि मिचेको रहेछ भन्ने अभिव्यक्ति दिएसँगै विपक्षीहरू दलहरुले प्रतिनिधिसभा र राष्ट्रिय सभाका बैठक अवरुद्ध गर्दै आइरहेका छन् । प्रधामन्त्रीले संसदमा दिएको उक्त अभिव्यक्तिको जवाफ नदिएसम्म संसद अगाडि बढ्न नदिने प्रतिपक्षको अडानका कारण संसद् अगाडि बढ्न सकिरहेको छैन् । यो अत्यन्त दुखको कुरा हो ।

लोकतान्त्रिक शासन व्यवस्थाको मूल आधार संसद् हो । जनताले आफ्ना प्रतिनिधिमार्फत व्यक्त गरेका विचार, आवश्यकता र आकांक्षाहरू संसदमा प्रस्तुत हुन्छन् । नीति निर्माण, कानुन निर्माण तथा सरकारको कामकारबाहीमाथि निगरानी राख्ने प्रमुख जिम्मेवारी संसद्को हो । त्यसैले संसद्को गरिमा जोगाउनु भनेको लोकतन्त्रको मर्यादा र जनविश्वासलाई जोगाउनु हो । पछिल्ला केही वर्षहरूमा संसद्का गतिविधिप्रति जनचासो बढे पनि संसद्को प्रभावकारितामाथि प्रश्न उठ्ने गरेका छन् । बैठक अवरुद्ध हुनु, अनावश्यक विवाद र नाराबाजी, व्यक्तिगत आरोप–प्रत्यारोप तथा असंसदीय व्यवहारले संसद्को गरिमामा आँच पुऱ्याएको छ । यस्ता गतिविधिले जनतामा निराशा पैदा गर्नुका साथै संसद्प्रतिको विश्वास पनि कमजोर बनाउँछ । सांसदहरू जनप्रतिनिधि भएकाले उनीहरूको व्यवहार अनुकरणीय हुनुपर्छ । संसद्भित्र हुने छलफल तथ्य, तर्क र राष्ट्रिय हितमा केन्द्रित हुन आवश्यक छ । राजनीतिक मतभेद स्वाभाविक भए पनि त्यसलाई सभ्य र लोकतान्त्रिक ढंगले समाधान गर्नुपर्छ । विपक्षी र सत्तापक्ष दुवैले संवाद, सहमति र सहकार्यको संस्कृतिलाई प्राथमिकता दिनुपर्छ ।

प्रधानमन्त्रीसँग प्रश्न सोध्ने र जवाफ दिने निर्धारित विधि उल्लंघन भएपछि संसद्को गरिमा र मर्यादा स्वत: स्खलित भएको देखिन्छ । यद्यपि संसदमा अमर्यादित गतिविधि अहिले मात्र सुरु भएका होइनन् । विगतमा पनि कुर्सी फाल्ने, विपक्षी सांसदमाथि आक्रमण गर्ने, सदन अवरुद्ध गर्ने तथा नाराबाजी गर्ने, बजेट वक्तव्यलाई खोसाखोस गर्ने, प्रवृत्ति देखिएका थिए । तर, विगतका गल्तीहरूलाई वर्तमानका लागि औचित्यका रूपमा प्रयोग गर्न मिल्दैन । इतिहासको अध्ययनको उद्देश्य गल्ती दोहोऱ्याउनु होइन, सुधार गर्दै अघि बढ्नु हो । अघिल्ला पुस्ताले गरेका कमजोरीबाट शिक्षा लिएर नयाँ पुस्ताले लोकतान्त्रिक अभ्यासलाई थप परिपक्व बनाउनुपर्ने हुन्छ । संसद्को मर्यादा खस्कँदा लोकतन्त्रको आधार कमजोर हुन्छ र जनताको विश्वास डगमगाउँछ । तसर्थ संसदलाई मर्यादित बनाउन सता पक्ष र प्रतिपक्ष दुवैले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

बनावटी, सजावटी, देखावटी अनि मिलावटी
यिनै कारणले गर्दा मान्छेमा आईराछ गिरावट ।
*(सागर गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जीपीएको दौडमा विद्यार्थीले जीवन नहारून्



श्री प्रसाद देवकोटा

*शिक्षालाई कारखानाबाट मुक्त गरेर पुन: ज्ञान र चेतनाको मन्दिर बनाउन ढिलो भइसकेको छ । अर्कोतर्फ, शिक्षा प्रणालीको मूल्याङ्कन जीपीए, उत्तीर्ण प्रतिशत र टपर उत्पादनमा सीमित हुँदा सिकाइको गुणस्तर ओझेलमा परेको छ । १० वर्ष उमेरसम्मका धेरै बालबालिकाले सामान्य पाठ बुझेर पढ्न सक्ने आधारभूत क्षमता समेत हासिल गर्न सकिरहेका छैनन् ।*

हरेक वर्ष एसईई वा अन्य परीक्षाको नतिजा सार्वजनिक भएपछि देशैभर बहस दोहोरिन्छ- कसले कति जीपीए ल्यायो, कुन विद्यालय उत्कृष्ट बन्यो, कुन विद्यालय असफल भयो ? अभिभावक, शिक्षक, विद्यालय र परिवार सबै अङ्कको उत्सव वा निराशामा केन्द्रित हुन्छन् । विद्यालयको गुणस्तर कक्षाकोठाको वातावरण, शिक्षक-विद्यार्थी सम्बन्ध, अनुसन्धान, सिर्जनशीलता वा जीवनोपयोगी सीपबाट होइन, जीपीए र उत्तीर्ण प्रतिशतबाट मापन गरिन्छ । विद्यालयहरू ज्ञानका बगैंचा भन्दा पनि नतिजा उत्पादन गर्ने कारखाना बनेका छन्, जहाँ विद्यार्थीलाई सोच्नभन्दा सम्झिन, प्रश्न गर्नभन्दा उत्तर दोहोऱ्याउन र जीवन बुझ्नभन्दा परीक्षा उत्तीर्ण गर्न बढी सिकाइन्छ । यसैकारण शिक्षा सिकाइको प्रक्रियाभन्दा पनि परिणामको प्रतिस्पर्धा बनेको छ । विद्यालय र विश्वविद्यालयहरू ज्ञानको मन्दिर होइन, प्रमाणपत्र छाप्ने र बजारका लागि (अ)दक्ष श्रमिक उत्पादन गर्ने कारखाना बनेका छन् । हाम्रो शिक्षाले विद्यार्थीको मूल्याङ्कन उसको मार्कशीटको आधारमा मात्र गरिरहन्छ । जबसम्म यस्तो भइरहन्छ, देशले प्रमाणपत्र बोकेका परिचालित श्रमिक त पाउँछ, तर समाज बदल्ने चिन्तक र नवप्रवर्तक कहिल्यै पाउँदैन । मार्कशीटको नम्बरले मान्छेको योग्यता मापन गर्न छाडेर जबसम्म शिक्षाले प्रश्न गर्ने साहस, सिर्जना गर्ने क्षमता र अन्याय विरुद्ध उभिने नैतिकता दिँदैन, तबसम्म देश जतिसुकै साक्षर भए पनि मुलुक सधैं विचार र चेतनाको खडेरीमा फसिराख्नेछ । शिक्षालाई कारखानाबाट मुक्त गरेर पुन: ज्ञान र चेतनाको मन्दिर बनाउन ढिलो भइसकेको छ । अर्कोतर्फ, शिक्षा प्रणालीको मूल्याङ्कन जीपीए, उत्तीर्ण प्रतिशत र टपर उत्पादनमा सीमित हुँदा सिकाइको गुणस्तर ओझेलमा परेको छ। बालबालिकाले कसरी सिकिरहेका छन्, विद्यालयको भौतिक-शैक्षिक वातावरण कस्तो छ, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण विधि कत्तिको व्यावहारिक छ, विद्यार्थीको मानसिक अवस्था कस्तो छ जस्ता विषयहरूमा खासै बहस सुनिँदैन । विश्व बैंकको अनुसन्धान प्रतिवेदनले नेपाल सहित दक्षिणएशियामा 'सिकाइ सङ्कट दर' उच्च देखाएको छ । अर्थात्, १० वर्ष उमेरसम्मका धेरै बालबालिकाले सामान्य पाठ बुझेर पढ्न सक्ने आधारभूत क्षमता समेत हासिल गर्न सकिरहेका छैनन् । विद्यालय भर्ना दर बढे पनि धेरै विद्यार्थी आधारभूत भाषा र गणितीय दक्षतामै कमजोर छन्। यसले हाम्रो शिक्षा प्रणालीमा एउटा गम्भीर प्रश्न खडा गरेको छ- यदि विद्यालयले बालबालिकालाई जीवनका आधारभूत क्षमता नै दिन सकिरहेको छैन भने शिक्षा प्रणालीको सफलता कसरी मापन गर्ने ? शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विभिन्न राष्ट्रिय मूल्याङ्कन प्रतिवेदनहरूले पनि आधारभूत तहका धेरै विद्यार्थी गणित, विज्ञान र भाषाका आधारभूत सीपमा कमजोर रहेको देखाएका छन्, जबकि परीक्षा प्रणालीमा तुलनात्मक रूपमा उच्च नतिजा देखाउने प्रवृत्ति कायम छ । सँगसँगै बढ्दो बेरोजगारी, मानसिक तनाव, सामाजिक असहिष्णुता, डिजिटल लत र सम्बन्धहरूको विघटन जस्ता गहिरा सामाजिक, मानसिक र आर्थिक सङ्कटहरूले आज एउटा गम्भीर प्रश्न उठाइरहेका छन् शिक्षा केवल परीक्षा पास गर्ने माध्यम हो कि जीवन बुझ्ने क्षमता विकास गर्ने प्रक्रिया पनि हो ? शिक्षाले नैतिक र जिम्मेवार नागरिक निर्माण गर्न सकेन भने कोरा प्रमाणपत्रको सङ्ख्याले समाजमा झनै सङ्कट थप्छ । सत्य हो, हाम्रो शिक्षा क्रमश: अङ्क, प्रतिस्पर्धा र प्रमाणपत्रको सीमित परिभाषाभित्र बन्द हुँदै गएको छ । विद्यालयहरू सिकाइका केन्द्रभन्दा बढी नतिजा उत्पादन गर्ने संस्था जस्ता बन्न थालेका छन् । विद्यार्थीको क्षमता उसको जिज्ञासा, सिर्जनशीलता वा व्यवहारले होइन, एउटा ग्रेडले मापन गरिन्छ । शिक्षा प्रणालीलाई मानवीय विकासभन्दा परीक्षाकेन्द्रित संरचनातर्फ धकेलिएको छ । यही बीच एउटा गम्भीर प्रश्न लगातार उठिरहेको छ- के शिक्षा भनेको केवल प्रमाणपत्र प्राप्त गर्ने प्रक्रिया हो, कि जीवन बुझ्ने र सामाजीकरण सिकाइको यात्रा पनि ? लोकसेवा, विदेश वा निजी जागिरको लाइनमा उभिएको ठूलो पुस्ताले कठोर सत्य प्रकट गरेको छ- प्रमाणपत्र बढेको छ, तर क्षमता र अवसर बीचको दूरी पनि बढेको छ । उच्च जीपीए ल्याएका हजारौं विद्यार्थी पनि व्यावहारिक सीप, अनुसन्धान क्षमता वा रोजगारका लागि आवश्यक दक्षतामा कमजोर देखिन्छन् । विश्वविद्यालयको प्रमाणपत्र बोकेका युवाहरू रोजगारीका लागि विदेशिन बाध्य छन् भने धेरै रोजगारदाता स्वयंले 'डिग्रीभन्दा सीप आवश्यक रहेको' बताइरहेका छन् । यसले शिक्षा र जीवन बीचको दूरी बढ्दै गएको सङ्केत गर्छ । विद्यालय र कलेजहरूले प्रमाणपत्र उत्पादन गरिरहेका छन्, तर समाजमा दिशाहीनता र बेरोजगारी बढिरहेको छ । यूएनडीपीको तथ्याङ्क अनुसार नेपालमा १५ देखि २९ वर्ष उमेर समूहको युवा बेरोजगारी दर करिब ९.५ प्रतिशत छ। तर औपचारिक बेरोजगारीभन्दा ठूलो सङ्कट अन्डर-इम्प्लोयमेन्ट र विदेश पलायन हो । यस बीच अर्को सङ्कट झन् गहिरो बन्दै गएको छ- बालबालिका र किशोरहरूको मानसिक स्वास्थ्य । विश्व स्वास्थ्य सङ्गठन र युनिसेफका अनुसार नेपालमा १३ देखि १९ वर्ष उमेर समूहका ५.२ प्रतिशत किशोरमा पहिचानयोग्य मानसिक स्वास्थ्य समस्या देखिएको छ भने ६ देखि १८ वर्ष उमेरका १८.३ प्रतिशत बालबालिकामा भावनात्मक वा व्यावहारिक कठिनाइ रहेको उल्लेख गरिएको छ । आत्महत्या १५-२९ वर्ष उमेर समूहमा मृत्युका प्रमुख कारणमध्ये एक बनेको छ। यसले शिक्षा प्रणालीको अर्को गम्भीर कमजोरी उजागर गर्छ । विद्यालयहरूमा अङ्क, परीक्षा र प्रतिस्पर्धामाथि अत्यधिक जोड छ, तर भावनात्मक विकास, मानसिक स्वास्थ्य र सामाजिक व्यवहारमाथि पर्याप्त ध्यान छैन । धेरै बालबालिकाका लागि विद्यालय सिक्ने भन्दा दबाबको ठाउँ बन्दै गएको छ । युनिसेफका अध्ययन प्रतिवेदनले पनि परीक्षाकेन्द्रित दबाब, अभिभावकीय अपेक्षा र अत्यधिक प्रतिस्पर्धाले किशोरकिशोरीमा तनाव, चिन्ता र आत्मविश्वासको समस्या बढाइरहेको निष्कर्ष निकालेका छन् । भाषा र संस्कृतिको प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ । विभिन्न अध्ययनले प्रारम्भिक शिक्षा मातृभाषामा हुँदा सिकाइ प्रभावकारी हुने देखाएका छन्। मातृभाषामा सिक्ने बालबालिकाले विषय बुझाइ, आत्मविश्वास र सहभागितामा राम्रो प्रदर्शन गर्ने तथ्य अनुसन्धानले देखाएका छन् । तर नेपालमा अङ्ग्रेजी माध्यम शिक्षाप्रति आकर्षण तीव्र रूपमा बढिरहेको छ । अभिभावकहरू अङ्ग्रेजीलाई अवसरसँग जोडेर हेर्छन् । युवाका लागि शिक्षा अब ज्ञान वा सामाजिक रूपान्तरणको प्रक्रिया होइन, विदेश जाने माध्यम बनेको छ । जब शिक्षा स्थानीय समाज, उत्पादन, कृषि, समुदाय र राष्ट्रिय आवश्यकतासँग जोडिन सक्दैन, तब शिक्षित पुस्ताले आफ्नै समाजमा भविष्य देख्न छाड्छ । यसले दीर्घकालमा सामाजिक संरचना कमजोर बनाउँछ, पुस्तागत सीप हराउँछ, सामुदायिक सम्बन्ध कमजोर हुन्छ र राष्ट्रिय आत्मनिर्भरता घट्दै जान्छ । यसैगरी शिक्षाले स्थानीय समाज, उत्पादन र जीवनसँगको सम्बन्ध क्रमश: गुमाउँदै छ । गाउँका विद्यालयमा पढ्ने बालबालिकालाई आफ्नै गाउँको कृषि, वातावरण, स्थानीय अर्थतन्त्र वा समुदायबारे भन्दा बाह्य जीवनशैली र सम्भावनाका बारेमा बढी पढाइन्छ । फलस्वरूप शिक्षा स्थानीय जीवन बुझ्ने प्रक्रियाभन्दा गाउँबाट बाहिर निस्कने माध्यम जस्तो बन्न पुगेको छ । कृषि पेशाप्रति वितृष्णा बढेको छ । श्रमलाई सिर्जना वा आत्मनिर्भरताको आधारभन्दा बाध्यताको प्रतीकका रूपमा बुझ्ने प्रवृत्ति फैलिएको छ । जब शिक्षा आफ्नो समाज र जीवनसँग जोडिन छोड्छ, तब त्यसले ज्ञानभन्दा बढी विच्छेदन उत्पादन गर्छ ।

**कस्तो शिक्षा प्रणाली आवश्यक ?**

फिनल्यान्डले शिक्षा प्रणालीलाई परीक्षाकेन्द्रित मात्र बनाएको छैनह त्यहाँ सहकार्य, खेल, प्रकृतिसँगको सम्बन्ध, सामूहिक जिम्मेवारी, मानसिक स्वास्थ्य र जीवनोपयोगी सीपलाई शिक्षाको अभिन्न हिस्सा बनाइएको छ । शिक्षकलाई उच्च सम्मान र स्वतन्त्रता दिइएको छ । विद्यार्थीलाई निरन्तर तुलना गरेर होइन, उनीहरूको व्यक्तिगत क्षमता विकास गरेर अघि बढाउने प्रयास गरिन्छ । त्यस्तै जापानमा विद्यालय शिक्षा केवल शैक्षिक उपलब्धिसम्म सीमित छैन । त्यहाँ विद्यार्थीले विद्यालयको सफाइ आफैं गर्छन्, सामूहिक रूपमा भोजन व्यवस्थापनमा सहभागी हुन्छन् र दैनिक व्यवहार मार्फत जिम्मेवारी, सहकार्य तथा अनुशासन सिक्छन् । शिक्षालाई मात्र परीक्षा र करिअरको तयारी होइन, 'सामाजिक प्राणी बनाउने प्रक्रिया' का रूपमा लिएको छ । समयपालन, सार्वजनिक सम्पत्तिप्रतिको सम्मान, समूहमा काम गर्ने संस्कार र श्रमप्रतिको सम्मान विद्यालय जीवनमै सिकाइन्छ। यही कारण जापानमा सामाजिक अनुशासन, सार्वजनिक उत्तरदायित्व र सामूहिक चेतना बलियो मानिन्छ । अमेरिकी शिक्षाशास्त्री जोन डिबेले शिक्षालाई जीवनसँग जोड्दै भनेका छन- 'शिक्षा जीवनको तयारी होइन, स्वयम् जीवन हो । 'अर्थात्, शिक्षा कक्षाकोठाभित्र सीमित होइन, व्यवहार, समाज र अनुभवसँग गहिरो रूपमा जोडिएको हुनुपर्छ । अत: शिक्षा भनेको केवल सफल व्यक्ति उत्पादन गर्ने प्रक्रिया होइनह त्यो समाजको भविष्य निर्माण गर्ने प्रक्रिया हो । जबसम्म शिक्षालाई परीक्षा र जागिरको साँघुरो घेराबाट मुक्त गरेर जीवन, समाज र मानवीय मूल्यहरूसँग जोडिँदैन, तबसम्म प्रमाणपत्रको सङ्ख्या बढे पनि समाजभित्रको नैतिक र सामाजिक सङ्कट गहिरिँदै जानेछ । प्रमाणपत्रको सङ्ख्या बढे पनि समाजमा विश्वास, सहकार्य र मानवीयता घट्दै जानेछ । अत: शिक्षाले बालबालिकालाई सूचना मात्र होइन, विवेक पनि दिनुपर्छ। प्रतिस्पर्धा मात्र होइन, सहकार्य सिकाउनुपर्छ । जागिरका लागि होइन, जीवनका लागि तयार गर्नुपर्छ । व्यक्तिलाई दक्ष मात्र होइन, विवेकी बनाओस् । प्रतिस्पर्धी मात्र होइन, जिम्मेवार बनाओस् । व्यक्तिगत सफलतामा मात्र केन्द्रित होइन, समाजप्रति उत्तरदायी बनाओस् । आधुनिक समाजशास्त्रका अनुसार, शिक्षाको उद्देश्य व्यक्तिलाई अरूभन्दा उत्कृष्ट बनाउनु मात्र होइन, बरु उसलाई समाजका लागि उपयोगी र उत्तरदायी बनाउनु हो । हामीलाई अब दक्ष श्रमिक मात्र होइनह प्रश्न गर्ने नागरिक, सिर्जना गर्ने वैज्ञानिक र न्यायको पक्षमा उभिने चिन्तक चाहिएको छ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विभिन्न जिम्मेवारीमा ध्यान जान सक्छ। मन हलुका महसुस हुनेछ। | **तुला** : शान्त वातावरण प्रिय लाग्न सक्छ। विगतका केही अनुभवले नयाँ शिक्षा दिनेछ। |
| **वृष** : कामको बीचमा रमाइलो क्षण पनि जोडिनेछन्। मिठो अनुभूति रहनेछ। | **वृश्चिक** : समूहमा गरिएका कामले राम्रो गति लिनेछ। आशापूर्ण रहनेछ। |
| **मिथुन** : घरायसी विषयले विशेष महत्व पाउनेछ। दायित्व पूरा गर्दा सन्तुष्टि मिल्नेछ। | **धनु** : वरिष्ठ व्यक्तिको विश्वास प्राप्त हुने सम्भावना छ। प्रतिष्ठामा वृद्धि हुनेछ। |
| **कर्कट** : वरिपरिको वातावरण चहलपहलपूर्ण रहनेछ। समयको राम्रो उपयोग हुनेछ। | **मकर** : अध्ययनसँग सम्बन्धित विषयमा प्रगति देखिनेछ। दिन अर्थपूर्ण रहनेछ। |
| **सिंह** : मेहनतको प्रतिफल विस्तारै हात पर्न थाल्नेछ। दिन उपलब्धिमूलक रहनेछ। | **कुम्भ** : लेनदेनमा सावधानी अपनाउनु उचित हुनेछ। संयमले फाइदा दिलाउनेछ। |
| **कन्या** : आफ्नो निर्णयमा दृढता देखिनेछ। अरूले तपाईंको कुरा महत्वका साथ सुन्नेछन्। | **मीन** : मनका कुरा खुलस्त रूपमा राख्न सकिनेछ। समझदारीले बढी काम गर्नेछ। |




निबन्ध — राजेन्द्र पहाडी

# रुखो बचन नबोल निरमाया

**एउटा सानो शब्दको उपयुक्त स्थानमा चयन हुन नसक्दा अर्थको अनर्थ हुन पुग्दछ र सम्बन्धित व्यक्ति वा संस्थासँगको सम्बन्ध सधैंका लागि तिक्ततापूर्ण तथा अमिलो बन्न पुग्दछ ।**

''जबसम्म बोली तिम्रो मुखबाट निस्कँदैन तबसम्म त्यो बोली तिम्रो अधिनमा हुन्छ । जसै त्यो तिम्रो मुखबाट निस्कन्छ अनि तिमी त्यसको अधिनमा हुन्छौ ।'' - दार्शनिक सुकरात सामान्यत: मुखबाट निस्केको शब्द, वाणी वा वचन नै बोली हो । अर्को अर्थमा आपसको कुराकानी तथा बोलचाल गर्ने तरिका पनि बोली हो । धक नमानीकन वा मौकाअनुसार बोल्न सक्ने व्यक्तिलाई बोलक्कड, बोल्नमा सिपालु वा बोलैया भन्ने गरिन्छ । अर्कातर्फ मुखबाट सार्थक वा बुझिने शब्द निकाल्नु, कुरा गर्नु, बोलचाल गर्नु, वचन दिनु, भन्नु वा कहनुलाई बोल्नुको अर्थमा बुझ्न सकिन्छ । सबैको चाहना श्रुतीमधुर वाणी सुन्ने नै हुन्छ । यसोभएकाले वक्ताले जहिले पनि सरल, सुस्पष्ट, संयमित, शान्त र सारगर्भित हिसाबले बोल्नुपर्दछ भन्ने अपेक्षा गरिएको हुन्छ । भनिएको पनि छ- क: पर: प्रिय वादिनम् । अर्थात् बोल्नेको कोही पराया हुँदैनन् । गौतम बुद्धले एक ठाउँमा भनेकाछन- 'मंगलकारी र विनम्र बोली भएको मानिसले सबैलाई आनन्दित बनाउँछ ।च्यसरी बोल्नका लागि बक्ता व्यक्तिको दिमागमा बरफ, मुखमा मिश्री र फदयमा प्रेम हुनुपर्दछ । अरुलाई बोलीबाट प्रभाव पार्न चाहने व्यक्तिले आफ्नो मानसिक स्थितिलाई सदा एकरस, शान्त, शीतल एवं ठण्डा बनाउनु पर्दछ । भन्ने गरिन्छ, राम्रो बोलीवचन (शब्द) सदासदाका लागि अजरअमर हुन्छ । बोली बन्दुकको गोलीभन्दा धेरै शक्तिशाली हुन्छ । भारतको स्वतन्त्रता संग्रामको बेला महात्मा गान्धीले 'आफ्नो मनबाट डर निकालिदेऊ, संसारका कुनै शक्तिले तिमीलाई हल्लाउन सक्ने छैन । यही एउटा वाक्यलाई भारतीय जनताले मुक्ति मन्त्रका रुपमा लिएर ब्रिटिस साम्राज्यका विरुद्ध सैर्ष गरे र सफलता हात पारे ।

वास्तवमा शब्दरुपी बोलीबाटै मानिस विकासको यात्रामा अघि बढिरहेको हुन्छ । कैयन मानिसले यही शब्दको शक्ति र माध्यमबाट आफ्नो संस्कार र सभ्यताको विकास गरिरहेको हामीले देखिरहेका पनि छौं । बोल्नु भनेको आफूसँग भएको कुरा अरुलाई दिनु पनि हो । अरुलाई दिँदा नराम्रो किन दिने ? तुच्छ बोलीले अरुको मन किन दुखाउने ? आफ्नो ज्ञान, सीप र गुण अरुलाई सर्ला या आफ्नो सिद्धिएला कि भनेर किन डराउने ? हामीले बुझ्नु पर्छ कि मीठो बोलीवजन दिएर कहिल्यै घट्दैन, भरिनका लागि पोखिन आवश्यक छ । पोखिन डराउनेले भरिने मौका कहिल्यै प्राप्त गर्दैन पनि । वास्तवमा आफैभित्र विकास गरिएको बोल्ने सीप, क्षमता र दक्षताको प्रयोग गरेर अरुको मन जित्न त्यति धेरै कठिन पनि छैन । मीठो बोलीले जस्तोसुकै अप्ठ्यारो परिस्थितिलाई पनि सहजीकरण गर्नमा सहयोग पुऱ्याउँछ । 'काग वा कोइलीच भनेर यी दुवैबीच रोज्न लगाउने हो भने स्वाभाविक उत्तर आउँछ 'कोइलीच । कारण एउटा मात्र छ- मधुर बोली । बोल्ने मानिसले जहिले पनि दुई तोलाको जिब्रोले अढाई किलोको शिरलाई झुकाउन सक्दछ भन्ने पुरानो किंवदन्तीलाई मध्येनजर गर्नै पर्दछ । हामी सबैलाई ज्ञात छ कि जिब्रोको हड्डी त हुँदैन तर चाह्यो भने हजारौं हड्डीहरुलाई भाँचिदिने तागत जिब्रोसँग छ । भाव शुद्ध भए पनि अभिव्यक्त गरिने शब्द र शैलीमा संयमता अपनाउन सकिएन भने धेरै ठूलो मूल्य चुकाउनु परेका कैयौं उदाहरण हाम्रै समाजमा देख्न सकिन्छ । एउटा सानो शब्दको उपयुक्त स्थानमा चयन हुन नसक्दा अर्थको अनर्थ हुन पुग्दछ र सम्बन्धित व्यक्ति वा संस्थासँगको सम्बन्ध सधैंका लागि तिक्ततापूर्ण तथा अमिलो बन्न पुग्दछ । त्यसै भनिएको होइन- 'रुखो बचन नबोल निरमाया, बचनको घाउ निको हुँदैन । तसर्थ बोल्न पाएँ भन्दैमा जे जसरी पनि बोल्नुलाई सही भन्न सकिँदैन । तसर्थ पूर्वीय दर्शनमा भन्ने गरिएको छ- 'नराम्रो नदेखौं, नराम्रो नबोलौं, नराम्रै नसोचौं । हामीलाई थाहा छ कुरा गर्ने हजारौं ओठहरुभन्दा काममा जुट्ने एउटै हात कैयौंगुणा शक्तिशाली हुन्छ । तसर्थ निरन्तर काममा जुटौं । गरेर सिक्ने प्रक्रियालाई स्वधर्म मानौं । एउटा सन्दर्भमा कार्ल मार्क्सलाई प्रश्न गरिएको थियो- 'सुन्दर को हुन्छ ? उनको जवाफ थियो- 'कार्यमा लगातार जुटिरहने मानव नै सबैभन्दा सुन्दर हुन्छ । बगिरहेको पानी सफा र कन्चन हुन्छ भनेजस्तै कार्यमा जुटिरहनेका हातहरु पनि पवित्र र सफा हुने गर्दछन् । तिनै मानिसले आफ्नो अभियानमा सफलता हासिल गर्दछन् । यसको सार हो निरन्तरको कामले अनुभवी बन्न सिकाउँछ । अनुभवले कार्यमा उच्चस्तरको सफलता प्राप्त गर्न सकिन्छ । कुशलतापूर्वक बोल्ने कुरा पनि निरन्तरको मेहेनत र अभ्यासपछि प्राप्त हुने सीप हो । विद्वान अरस्तुले पनि भनेकाछन 'हामी जुन कामलाई लगातार गर्छौं, हाम्रो व्यक्तित्व त्यसै मुताविक बन्दै जान्छ । श्रेष्ठता कुनै एक कामले नभएर एउटा समुच्च बानीको परिणामस्वरुप प्राप्त हुन्छ । एउटा मर्मस्पर्शी भनाई नै छ- 'जहाँ नपहुँचे रवि, उहाँ पहुँचे कवि, जहाँ नपहुँचे कवि, उहाँ पहुँचे अनुभवी । फेडरिक नित्सेले भनेकाछन्- 'जसलाई उड्न सिक्नुछ, उसले पहिले उभिन, हिँड्न र दौडन जान्नुपर्छ । एउटा दक्ष बोलैया, उद्घोषक वा भाषणकर्ता बन्छु भन्ने चाहना लिएर बसेर मात्र सफलता प्राप्त हुँदैन । अपेक्षित लक्ष्य उद्देश्य प्राप्ती गर्नका लागि कामको थालनी गरिहाल्नुपर्छ, र जवसम्म सन्तोषजनक नतिजा हात लाग्दैन तवसम्म लगातार अभ्यास गरिरहनुपर्छ । पानीको तलाउमा एकपटक पनि हाम नफालीकन कसरी कुशल पौडीबाज बन्न सकिएला ? तसर्थ पूरा समर्पणभावका साथ बोल्नेकला विकास गर्न लागिरहनुपर्दछ । के दलित, के महिला, के युवायुवती, के बालबालिका, के सहरीया, के गाउँले हामी सबै कुनै न कुनै सम्भावनाले युक्त छौं । खाँचो ती सम्भावनाहरुलाई बाहिर कसरी प्रकट गर्ने भन्ने नै हो । पूर्ण इच्छाशक्ति, अनुशासन र समर्पणका साथ लाग्यौ भने असम्भव केही पनि छैन । सिक्न उमेरले छेक्दैन । गुणरत्नमालामा भनिएजस्तो- 'तोरीमा तीलमा छ तेल भरिलो आफै कहाँ झर्छ र । पेल्नै पर्छ बिना पर्यत्न मुखमा आएर कहाँ पर्छ र । तसर्थ पनि हामीभित्र भएको नौनीलाई पहिचान गरेर बाहिर निकाल्न बोल्नै पर्ने छ, मनको गाँठो खोल्नै पर्ने छ । यदि हामी सफल बन्न चाहान्छौं भने असफल मानिसले गर्ने आँट नगरेका कुरामा नै हाम्रो कदम अघि बढ्नुपर्दछ । नयाँ कुरा सिक्ने वा बोल्ने काम गर्दा आफैलाई प्रश्न गरौं- 'म को हुँ, कहाँ छु - कहाँ के छ हाल, लिएको छु के कामको जिम्मा ? कस्तो छ चाल ? जवाफ कस्तो आउला । प्रश्न नपुगे अझै सोधौं- मेरो जीवनका लागि म आफैले जिम्मा लिन्न वा म केही गर्न तत्पर छैन भने अरु कसले जिम्मा लिन्छ ? मैले गर्नुपर्ने काम म आफैले नगरे अरु कसले गरिदिन्छ ? म होइन भने को ? यहाँ होइन भने कहाँ ? आज होइन भने कहिले ? यसरी होइन भने कसरी ? सकारात्मक जवाफ लिँदै अघि बढौं । शंकराचार्यले भनेकाछन 'जसले मनलाई जित्न सक्छ उसले संसारलाई जित्न सक्छ । तसर्थ मनलाई जितेर अघि बढौं । हामी जे गर्छौं आँट र अदम्य सहासका साथ गरौं । काम उही भए पनि फरक तौरतरिका र विधि प्रयोग गरेर गरौं । सुविचारित ढंगले बोल्ने र मनको कुरो खोल्ने आफ्नो भिन्दै शैली र विशिष्ठता स्थापित गरौं । बोल्दा मैमत्ताभाव नदेखाऔं । 'फलेको बृक्षको हाँगो नझुकेको कहाँ छ र ? भन्ने उक्तिलाई सदैव मनन गरी आफूलाई आएको अवसरको पूरापूर सदुपयोग गरौं । वस्तुत: अरुलाई झुकाउन स्वयं झुक्नुपर्दछ । झुक्नु भनेको सानो हुनु कदापि होइन, बरु अरुलाई आृनो नियन्त्रणमा राख्नु हो, सबैको मन मस्तिष्कमा बस्न सक्नु हो । कामले काम सिकाउँछ । तसर्थ बोल्ने कामबाट थप सफलता हातपार्ने अभिलाषा राखेर हातमा आएको जिम्मेवारीलाई निर्भिक ढंगले पूरा गरौं । एउटा कहावतले भने झैं- भन्दैमा सुनिन्छ भन्ने छैन, सुन्दैमा बुझिन्छ भन्ने छैन, बुझ्दैमा गरिन्छ भन्ने छैन, त्यसैले सुनाएर बोलौं, बुझाएर भनौं, बुझेर गरौं गरेर सिकौं । सक्षम बक्ता बन्ने भोक आफूभित्रै जगाऊँ । भोक जगाई जगाई बोल्नेकला आर्जन गरौं । अनेक बहानामा बाहिर भौंतारिनुभन्दा आफ्नो सीप, कुशलता एवं चाहनालाई पहिचान गरेर आफूभित्रकै सुन्दर संसारमा रमाउन जान्ने हो भने हामीलाई कहींकतै जानुपर्दैन । जर्ज वासिङ्टनले भनेजस्तै गुणवान, मीठो बोल्ने, राम्रो गर्ने र सभ्य व्यक्तिको संगतमा रहनुस्, खराव संगतमा रहनुभन्दा बरु एक्लै बस्नुमा बेस हुन्छ । छुच्चोपन देखाएर कसैलाई पनि घृणा, तिरस्कार र बहिष्कार नगर्नुहोस् । बोल्दा कत्तिपनि उत्ताउलोपन नदेखाउनुहोस् । अनावश्यक गफाडी बनेर अर्काको खिल्ली उडाउन र आलोचना गर्न रुखो बोली नबोल्नुहोस् । जहाँ बोल्दै हुनुहुन्छ त्यहाँको कला, संस्कृति, परम्परा, मौलिकता, समाज तथा समग्र परिवेशका बारेमा जानकारी राख्नुहोस् । बोल्दा शब्दहरुको चयन समझदारी र होशियारीपूर्वक गर्नुहोस् । सोचेर बोल्नुहोस् नकी बोली सकेर सोच्नुहोस् । यति हुन सक्यो भने तपाईंको अघि बढ्ने बाटो कसैले छेक्न सक्दैन ।

*-समकालीन साहित्य डटकम*

कथा — गणेश खड्का

# मदर वि निड् टु टक



ठन्डी बिहानी ! पूर्वी पहाडबाट बिहानीले ल्याएको चिसोलाई घाम आफ्नो न्यानोले पगाल्ने कसरत गर्दै छ । घामको किरण हर घरमा भिन्नै ठाउँबाट छिर्छन् होला । कम या ज्यादा मात्रामा पस्न पाउँछन् होला वा कुनै घरमा त पस्नै पनि पो पाउँदैनन् होला । यो घर घामको मन पर्ने ठाउँ हो । यो घर देवीको हो । यति बेला पूर्वी झ्यालबाट घामका छड्के किरणहरू ग्याँसमाथि उम्लिरहेको चियाको भाँडोमा छरपष्ट फैलिएका छन् । ती किरणहरू चिर्दै चियाबाट सिलिङ् ताक्दै बाफहरू उडिरहेका छन् । केही बाफहरू देवीको शरीरमा मिश्रित भइरहेका होलान् । देवी भान्सामा उड्ने बाफहरूको एउटा भण्डार त होलिन् । भातको बाफ, दालको बाफ, अनेक सागसब्जीको बाफ । बाफै बाफको भौतिक अस्तित्व त होलिन् देवी । देवीलाई लाग्दो हो चिया बनाउनु स्वास फेर्नु हो । चिया बनाउनु कपाल कोर्नु हो । चिया बनाउनु देवीलाई देवी बनाउने रङ्ग हो, देवीको अस्तित्वमा मिठास थपिदिने चियापत्ती हो । देवी उम्लिसकेको चिया एउटा कपमा हाल्छिन् र बाँकी थर्मसमा खन्याउँछिन् । "बाबु चिया खाइसकेर तल गाग्रीको पानी माथि लेर आइज है । म मन्दिर गएर आउँछु ।" अमृतको झ्यालको फ्रेमले पर देवी हातमा थाली बोकेर मन्दिर जाँदै गरेको हेरिरहेको छ । अमृत पनि झ्यालमा अडेस लागेर देवीलाई हेरिरहेको छ । उसको स्मृतिमा धमिलिँदै गएको देवीको आकृति हो शायद । अमृतको ७ वर्षको वैदेशिक बसाइँले ल्याएको दूरी बिल्कुल यस्तै देखिन्छ होला । खालीपनमा उनीहरूको सम्बन्ध ठम्याउनै नसकिने मसिनो थोप्लो हुँदै विलीन भइरहेको छ । अमृत देवीको आकृति देखिन छोडेपछि माथि भान्सातिर उक्लिन्छ । सुस्तसुस्त चियाको कपबाट उडिरहेका बाफहरू अमृतले उठाएर मुखतिर लग्दै गर्दा बिथोलिन पुग्छन् । अमृत चिया बोकेर हाफ टपमा निस्किन्छ । पुष महिनाको चिसोले गमलाका फूलका बोटहरू सुकेर गुन्द्रुक जस्ता भएका छन् । कुर्ची गमलातिर फर्काएर अमृत ती गमलाका सुकेका बोटहरूलाई हेर्न थाल्छ । केही बेर हेरिरहन्छ र हेर्दाहेर्दै देख्छ देवी एउटा गमलाको डिलमा खुट्टा झुन्ड्याएर बसेकी छिन् । अमृत सँगैको अर्को गमलाको डिलमा देवीतिर फर्किएर बसेको छ । गमलाहरू बिस्तारै टाढिँदै जान थाल्छन् मानौं ती गमला बीच निर्माण भइरहेको भेद उनीहरूको सम्बन्धमा आएको दूरीको मुहान हो । "अमृत मेरो आवाज सुन्न सक्छस् ?" "हावा जोडले चलिराछ मम्मी, के भनेको बुझिनँ ?" "चिया सकिस् कि बाँकी छ ?" अमृत सुन्छ, "तँसँग धेरै गफ गर्न मन छ पारि आइज न ।" "मम्मी चियामा चिनी अलि बढी भएछ ।" देवी सुन्छिन्, "मम्मी तपाईंको काखमा सुतेर घाम नतापेको धेरै भयो । वारि आउनु न, म म्याट ओच्छ्याउँदै गर्छु ।" "म मन्दिरबाट आएर फेरि अर्को चिया बनाइदिन्छु त्यो चिया नखा है ।" अमृत सुन्छ, "तँलाई घाममा सुताएर तेल नलगाइदिएको कत्ति भै सक्यो । मैले तेल तताएर ल्याइसकेँ, बाबु तँ वारी आइज झट्टै ।" भँगेराको एक जोडी देवीले स्यानो प्लेटमा राखिदिएको चामल खाइसकेर भुर्र उड्छन् । खाली प्लेट छतको डिलमा अहिले खस्ला भरे खस्ला गर्दै केही सेकेन्ड ढिकिच्याँउ खेल्छ र अन्त्यमा हाफटपको भुइँमा खस्छ । अमृतको एकोहोरोपन प्लेट खसेको तिखो आवाजसँगै तोडिन्छ । अमृत प्लेटलाई गमलामा ठड्याएर राख्छ र हेर्छ पर आकाशको नीलो समुद्रमा भँगेराको जोडी कालो दुइटा थोप्लो भएर घरी तल घरी माथि हुँदै बग्दै गइरहेका छन् । बिहानीको नौ बज्दै होला । अमृतको पेटमा ल्यापटप छ । ल्यापटपबाट मन्द आवाजमा गीत बजिरहेको छ । अमृत हिजो विपश्यना कोर्सका लागि आएको कन्फरमेसन मेल फेरि एक पटक चेक गर्छ । झ्यालको फ्रेममा बिहान बिन्दु आकारमा विलीन भएको देवीको आकृति अहिले भने बिन्दु आकारबाट यथार्थमा देवी हुँदै आइरहेको छ । अमृत आँखा चिम्लन्छ । थाहा हुन्छ अमृतलाई - देवी अबको केही बेरमा तल आँगनमा आइपुग्छिन् । यो पनि कि आज उसले देवीलाई भन्नु छ, दश दिनको लागि ऊ फेरि घर छोडेर जाँदै छ । देवीले बुझ्लिन् ? अमृतको त्यो लामो वैदेशिक बसाइँ पछि देवीलाई लागेको होला अब अमृत सदाका लागि फर्कियो । तर फेरि ऊ जाँदै छ । यस पटक अमृत बाध्यताले होइन ऊ आफूलाई खोज्न जाँदै छ । अजनबी भएको उसको घरलाई अपनाउन जाँदै छ । अमृत घर र देवीबाट दश दिन टाढिएर सदाको लागि घर फर्किन चाहन्छ । "बाबु ?" देवीको आवाज आँगनबाट झ्याल हुँदै अमृतको कानसम्म पुग्छ । अमृत केही बेर अझै आँखा चिम्लिएर बसिरहन्छ । "पानी माथि लग भनेको बिर्सिस् बाबु तैँले ?" अमृत ल्यापटप बन्द गर्छ र तल आँगनमा झर्छ । घाँटीसम्म पानी भरिएको गाग्री धारोमुनि अमृतलाई पर्खिरहेको छ । देवी धारोको टुटीमा जोडिएको पाइप अलि पर लगेर खुट्टा पखाल्दै छिन् । अमृत ढोकाबाट निस्कन्छ र गाग्री उचाल्न थाल्छ । "बाबु पख् एकछिन !" अमृत उचाल्न लागेको गाग्री फेरि भुइँमा राख्छ । देवी अमृतको निधारमा टीका लगाउँदै भन्छिन्, "बाहिर हिँड्ने बेलामा निधार पुछिहाल्छस् । ल यो कानको फूल चाहिँ कानमै हुन दे नि ।" देवी मुस्कुराउँदै सुन्तलाको एक केस्रो अमृतको मुखमा हाल्दिन्छिन् । अमृत गाग्री उचाल्छ, मुखमा सुन्तलाको गुलियोसँगै देवीको ममताको स्वाद जिब्रोले पाए पछि एक खालको सन्तुष्टिको मसिनो झलक उसको ओठमा सलबलाउन आइपुग्छ । अमृत जस्ता छोराहरू शायद यस्तै ममतामयी पलहरूको अभावले एक्लिन पुग्छन् होला । अनजान देशमा बेग्लै भाषा बेग्लै परिवेश अनि बेग्लै समाजले अलमल्याई दिएको अमृत र अनि अरू हजारौं अमृतहरूको पुनर्जीवन देवीले अनि देवी जस्ता हजारौं आमाहरूले आशीर्वाद स्वरूप छरिदिने यस्तै स-साना पलहरूले नै सम्भव हुन्छ होला । देवी साँझको बत्ती बाल्दै छिन् । देवीले बजाइहेको घण्टीको ध्वनि पूजाकोठा हुँदै भान्सामा भात पाकिरहेको कुकरको सिङ्गीसँग दोहोरी खेल्दै छ । अमृत उठेर ग्याँस बन्द गर्छ र कचौरामा पखालेर राखेको आलु काट्न थाल्छ । "ग्याँस बन्द गरिस् । कुकर पुरानो भएर होला तीनचार सिङ्गी नलागी भात पाक्दैन ।" देवी ग्याँस बाल्छिन् र अमृतको विपरीत कुर्चीमा बस्छिन् । "खै ले यता म काट्छु आलु ।" अमृत देवीतिर कचौरा ठेल्छ । "चिसोमा किन माथि आको । जा तल हिटर तापेर बस् ।" "चिया खाने मम्मी ?" "म तातो पानी खान्छु तँलाई मात्र बना न ।" अमृत पानी बसाल्छ । अमृतलाई वास्तवमा "मम्मी चिया खाने" भनेर होइन "मम्मी म दश दिनको लागि विपश्यना गर्न जाँदै छु" भन्नु थियो । अहिले उम्लिँदै गरेको पानीको बाफलाई यो सन्देश पठाइदिए भनिदेला ? देवीले कप मुखतिर लग्दै गर्दा उनको अनुहारभरी फैलिने तातो बाफले भनिदेला अमृतको सन्देश "मम्मी म दश दिन ध्यान गर्न जाँदै छु ।" सन्देश पाएर देवी भन्लिन्, "मलाई थाहा छ तँलाई यो घरमा मन लागेको छैन भन्ने ।" बाफमा मिश्रित अमृतको सन्देशले भन्ला, "मम्मी तपाईंको अमृत कतै हराएको छ । तपाईंलाई तपाईंको विदेश जानु अघिको अमृत चाहिएको छ हैन ? मलाई पनि म चाहिएको छ मम्मी । जो तपाईंसँग गफ गरेर कहिल्यै थाक्दैन थ्यो । जो तपाईंसँग हुँदा दुनियाँ बिर्सिन्थ्यो । जो तपाईंलाई नै पूरा संसार ठान्दथ्यो । म त्यो अमृत खोज्न जाँदै छु ।" अमृत उम्लिरहेको पानीतिर एकोहोरिएको देखेर देवी भन्छिन्, "अमृत पानी उम्लिसक्यो, किन टोलाउँछ यो केटो ।" अमृत कपमा तातो पानी खन्याउँछ अनि देवीको अगाडि राखिदिन्छ र बाँकी पानीमा चिनी, चियापत्ती राख्न थाल्छ । देवी पानी पिउँदै आलु काट्न थाल्छिन् । "मम्मी ?" "भन्न के ?" "म ध्यान गर्न जाँदै छु । दश दिनका लागि ।" देवी केही बेर आलु काटिरहन्छिन् । अमृत ग्याँस बन्द गर्छ कपमा चिया भर्छ र कुर्चीमा बस्छ । देवीको अनुहारमा एक खालको न्यास्रोपन छाउँछ मानौं तातो पानीको बाफले उनको अनुहारको रङ्गसँगै उडाएर लगेको होस् । अमृतको फेरि घरबाट टाढिने कुराले हो शायद वा देवीलाई लागेको होला कि अमृत अब सधैं केही न केही बहानामा घरबाट पर पर जानेछ । उनले नौ महिनामा कोखमा राखेको अमृत कलिलो छैन छिप्पिसकेको छ । अमृत अब देवीको काखमा अटाउँदैन न त देवीको ढाडमा देवी अमृतलाई बोक्न सक्छिन् । अमृत भविष्यको खोजीमा उड्न थालिसकेको छ । देवीलाई थाहा छ अमृतलाई उसको उडानको यात्रामा रोक्नु अमृतको भविष्यलाई अद्रुश लगाउनु हो । अमृतलाई खुल्ला उड्न छोडिदिए एक दिन सारा संसार घुमेर देवीको गुँडमा पक्कै फर्किनेछ उनको अमृत । अमृत घरबाट निस्कन्छ र कुहिरोले अँगालेको रोडमा पस्छ । त्यही रोड जहाँ केही समयपछि देवी हातमा थाली बोकेर मन्दिर जाँदै हुनेछिन् । अहिलेको अमृत हिँडेको भूत र केही समय पछि मन्दिर जाँदै गरेको देवीको भविष्य यो रोडको यादमा सँगै बात मार्दै हिँड्छन् त होला । त्यति बेला पनि कुहिरो त लागिरहेकै हुन्छ होला । कुहिरोभित्र रोड छामछाम छुमछुम गर्दै हिँड्ने क्रममा देवी अमृतलाई भन्दी हुन्, "अमृत मलाई पनि ध्यान गर्न सिकाउँछस् पछि आएर ?" अमृत भन्दो हो, "तपाईंलाई त आउँछ त ध्यान गर्न । मन्दिर जानु भनेको पनि ध्यान गरेको नै त हो ।" "उसो भए मसँग मन्दिर हिँड् न त । म सिकाउँला नि तँलाई ध्यान गर्न ।"

*-साहित्यपोस्ट डटकम*

# अवैध लागूऔषध सहित १६ जना पक्राउ



**पाल्पा,** जेठ २७/देशका विभिन्न स्थानबाट अवैध लागुऔषधसहित १६ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार मोरङ, सुनसरी, जुम्ला, ललितपुर, चितवन, बाँके, बर्दिया, उदयपुर, काठमाडौं लगायत विभिन्न स्थानबाट अवैध लागुऔषधसहित १६ जना पक्राउ परेका हुन् ।

मोरङको विराटनगर महानगरपालिका-१६ दरैयाबाट अवैध लागूऔषधसहित एक जना पक्राउ परेका छन् । ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ५ ग्राम २१ मिलिग्राम सहित सुनसरी धरान उपमहानगरपालिका-१५ बस्ने २८ वर्षीय सुजन लिम्बुलाई मंगलबार बेलुकी प्रहरीले पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय रानी र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको को.३३ प ७९२९ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरिएको जनाएको छ । यस्तै काठमाडौं महानगरपालिका-३२ कोटेश्वरस्थित आकाशेपुल नजिकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब ५ सय मिलिग्राम, नियन्त्रित लागूऔषध ट्रामाडोल ७३ ट्याब्लेट र नाइट्राभेट १२ ट्याब्लेट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं कोटेश्वर फुलबारी मार्ग बस्ने नुवाकोट घर भएका ३० वर्षीय साजन मगर र ललितपुर, ललितपुर महानगरपालिका-६ घर भएकी ३१ वर्षीया मञ्जु तामाङ महर्जन रहेका छन् । प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै मोरङको विराटनगर महानगरपालिका-१६ दरैयाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ५ ग्राम २१ मिलिग्राम सहित सुनसरी धरान उपमहानगरपालिका-१५ बस्ने २८ वर्षीय सुजन लिम्बुलाई मंगलबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । उनलाई प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको को.३३ प ७९२९ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै उदयपुरको चौदण्डीगढी नगरपालिका-६ बगरकोट बस्ने १९ वर्षीय काले भन्ने नितेश विक समेत २ जनालाई नियन्त्रित लागूऔषध ट्रामाडोल २ सय ट्याब्लेट र स्पास्मेन ४ सय ट्याब्लेट सहित मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरीले नितेशको घर तलासी गर्दा उक्त लागूऔषध फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस्तै बर्दियाको गुलरिया गाउँपालिका-९ टेपरीबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ४ सय ४० मिलिग्राम सहित २ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २९ वर्षीय महेश राणा र ३१ वर्षीय गेद बहादुर खड्का रहेका छन् । यस्तै बाँकेको कोहलपुर नगरपालिका-२ पिपल चौतारा प्रतिक्षालय नजिकबाट अवैध लागूऔषध अफिम जस्तो देखिने पदार्थ १ किलो २० ग्राम सहित २ जनालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बैजनाथ गाउँपालिका-३ बस्ने २९ वर्षीय बिशाल थापा मगर र कोहलपुर नगरपालिका-१ बस्ने ४८ वर्षीय जगत बहादुर परियार रहेका छन् । यस्तै चितवनको भरतपुर महानगरपालिका-३ नौघरे डेरा गरी बस्ने धादिङ घर भएकी ६० वर्षीया ज्ञानु कुमारी श्रेष्ठ र उनकै छोरा ३७ वर्षीय प्रकाश श्रेष्ठलाई अवैध लागूऔषध गाँजा करिब ४ किलो ९ सय ग्राम सहित मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरीले उनीहरूको कोठा तलासी गर्दा उक्त गाँजा फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस्तै ललितपुर, गोदावरी नगरपालिका-१४ ठैबबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ४ सय २० ट्याब्लेट सहित गोदावरी नगरपालिका-१४ लाखेटोल बस्ने २२ वर्षीय राजिब भुजेललाई प्रहरीले पक्राउ गरेको छ । जुम्लाको तातोपानी गाउँपालिका-५ बस्ने २० वर्षीय वरिष्ठ डाँगीलाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ८ सय ३० मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ । यस्तै सुनसरीको बराहक्षेत्र नगरपालिका-१ दूधपानी खोलाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ ग्राम २ सय २० मिलिग्राम सहित ३ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।पक्राउ पर्नेहरूमा सोही नगरपालिका-९ राजवास बस्ने २४ वर्षीय दिपेन्द्रमोची, इटहरी उपमहानगरपालिका-१६ बस्ने २७ वर्षीय दिपेश चौधरी र २८ वर्षीय सरोज चौधरी रहेका छन् ।

## खेलकुद समाचार


### दीपेन्द्रलाई अहिलेसम्मकै उत्कृष्ट रेटिङ



**काठमाडौं,** जेठ २७/आईसीसी टी-२० अलराउन्डर वरीयतामा नेपाली राष्ट्रिय टोलीका सदस्य दीपेन्द्रसिंह ऐरीले अहिलेसम्मकै उत्कृष्ट रेटिङ प्राप्त गरेका छन् । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले सार्वजनिक गरेको पछिल्लो विवरणमा दीपेन्द्र २५६ रेटिङसहित चौथो स्थानमा उक्लिएका हुन् । यसअघि दीपेन्द्र टी-२० अलराउन्डर वरीयताको दोस्रो स्थानसम्म उक्लिए पनि रेटिङ यति धेरै पुगेको थिएन । यो वरीयतामा जिम्बावेका सिकन्दर राजा शीर्ष, भारतका हार्दिक पान्ड्या दोस्रो र पाकिस्तान सइम अयुब तेस्रो स्थानमा छन् । यस्तै टी-२० ब्याटिङ वरीयतामा कुशल भुर्तेल ६ स्थान सुधार गर्दै ६० औं स्थानमा उक्लिएका छन् । यो वरीयतामा भारतका अभिषेक शर्मा शीर्ष, भारतकै ईशान किशन दोस्रो र पाकिस्तानका शाहिबजादा फरहान तेस्रो स्थानमा छन् । यस्तै टी-२० बलिङ वरीयतामा सन्दीप लामिछाने ९ स्थान सुधार गर्दै ४९औं, दीपेन्द्रसिंह ऐरी १५औं स्थान सुधार गर्दै ६२औं स्थानमा उक्लिएका छन् ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से सामान्य अङ्कले बढ्यो



**पाल्पा,** जेठ २७/लगातार ४ कारोबार दिन घटेको शेयर बजार बुधबार सामान्य बढेको छ । शेयर बजार परिसूचक नेप्से २ दशमलव ५७ अङ्कले बढेर २ हजार ७३६ दशमलव १७ विन्दुमा पुगेको हो ।

सो अवधिमा बैंक समूहको सूचक स्थिर रहेको छ । यस्तै विकास बैंक, फाइनान्स, होटल तथा पर्यटन, जलविद्युत्, उत्पादन तथा प्रशोधन र म्युचल फन्ड बाहेक सबै समूहका सूचक सामान्य घटेका छन् । बुधबार १२७ वटा कम्पनीको शेयर बढेकामा १३४ वटाका घटेका छन् । यस्तै १० वटा कम्पनीका शेयर भने घटबढ भएका छैनन् । बुधबार कालिञ्चोक हाइड्रोपावर, सोपान फर्मास्युटिकल्स र अपोलो हाइड्रोपावरको शेयर १५ प्रतिशतले बढेको छ । बजार सामान्य उकालो लागेको दिन प्रभु बैंकको डिबेन्चर २०८६ साढे ८ प्रतिशतभन्दा धेरैले घटेको छ । बुधबार नेप्से बढे पनि कारोबार रकम भने घटेको छ । बुधबार ३५६ वटा कम्पनीका ९२ लाख ८३ हजार कित्ता शेयर ४ अर्ब २९ करोड रुपैयाँमा किनबेच भएको छ ।

## पत्रकार धर्नामा, सरकारी...

...लोकतन्त्रको आधार स्वतन्त्र प्रेस हो, यसको रक्षा गर, जनताको सुसूचित हुने अधिकार सुरक्षित गर, सत्य, तथ्य र स्वतन्त्र पत्रकारिताको संरक्षण गर, प्रेस स्वतन्त्रता कमजोर पार्ने निर्णय खारेज गर, राज्यको सूचना जनताको सम्पत्ति हो, पहुँचमा विभेद नगर, सञ्चार क्षेत्रको आत्मसम्मान र स्वायत्तताको रक्षा गर, पत्रकारमैत्री नीति ल्याऊ, दमनकारी नीति हटाऊ, सूचना र विज्ञापन वितरणमा पारदर्शिता कायम गर, स्वतन्त्र आवाज दबाउने प्रयास बन्द गर जस्ता प्ले कार्ड लिएर धर्ना दिएका थिए । आफुहरुको माग पुरा नहुँदासम्म आन्दोलनका कार्यक्रमहरुलाई निरन्तरता दिने महासंघ पाल्पा शाखाका अध्यक्ष कमलराज तिमिल्सेनाले बताए । उनले भने "सूचना र विज्ञापन सम्बन्धी विभेदकारी र स्वेच्छाचारी सरकारी निर्णय गलत हो, यो तत्काल खारेज गरी प्रेस स्वतन्त्रताको रक्षा गर्ने दिशामा सरकारले ध्यान देओस् । हाम्रो आन्दोलनलाई सरकारले नजरअन्दाज गरे सरकारले ठूलो मूल्य चुकाउनुपर्ने छ ।" पत्रकारहरुले शान्तिपूर्वक धर्ना दिएका थिए । महासंघले आन्दोलनका कार्यक्रमहरुलाई चरणवद्ध रुपमा अगाडि बढाएको महासंघ पाल्पा शाखाका सचिव रामचन्द्र रायमाझीले बताए । उनका अनुसार महासंघ केन्द्रीय समितिले २०८३ जेठ २५ गते - संकलित हस्ताक्षर महासंघका सबै संरचनाले (बिहान ११ बजे) सबै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई बुझाउने, जेठ २७ र २९ गते बिहान ११ बजेबाट १२ बजेसम्म जिल्ला प्रशासन कार्यालयमा धर्ना दिने, असार १ र ३ गते बिहान ११ बजेबाट १२ बजेसम्म मुख्यमन्त्रीको कार्यालयमा धर्ना दिने, असार ५ गते केन्द्रीय समितिको आयोजनामा पेशागत संगठन र सरोकारवालासहित वृहत ऐक्यवद्धता र्‍याली गर्ने कार्यक्रम तय गरेको छ ।

## अपाङ्गता भएका महिलालाई...

...तालिममा सहभागी भएकी घोराही-१५ का २७ वर्षीया कृष्णा केसीले तालिमले धेरै सहयोग गरेको बताइन् । अपाङ्गता भएका व्यक्तिले अवसर पाए काम गर्न सकिने उनको अनुभव छ । प्रशिक्षक सुशीला थापाले अपाङ्गता भएका महिला दिदीबहिनीहरुलाई सीपमा जोडन पाउँदा खुसी लागेको बताइन् । अपाङ्गता भएका व्यक्तिको जीवनयापन सहज बनाउनका लागि सबैको भूमिका महत्वपूर्ण हुने बताइन् । संस्थाका अध्यक्ष देवका खनालले दोभासेको काम गर्ने भएको हुँदा सिकाउन सहज भएको उनको भनाइ छ । सहभागीहरु पनि निकै सक्रिय भएर सिक्दै आएको उनी बताउन्छिन् ।

*-रासस*


## पूर्वखोला गाउँपालिकाको अनुरोध

- बाझो जग्गा नराखौ/राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिग घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

राजु नेपाल — प्रमुख प्रशासकीय अधिकृत
भागिरथी शर्मा भट्टराई — उपाध्यक्ष
नुन बहादुर थापा — अध्यक्ष

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई